विकास गरेको क्षेत्र हो। यहाँ फलेको आलु स्वादिलो भएकाले उपभोक्ताको रोजाइँमा पर्ने गरेको छ

लागि तयार रहने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाको पहल र गण्डकी प्रदेश

पलाएको हो। 'अब हामीले बेसिजनमा मूल्य पारेर आलु बेच्न सक्छौं', स्थानीय किसान मोहन

तथ्याङ्क गाउँपालिकासँग छ। आलुको बिक्रीबाट मात्रै रु १० देखि २० लाख भित्रिने गरेको छ।

## शुक्लागण्डकीका सबै वडा कार्यालय भाडामुक्त

तनहुँ (जस)-जिल्लाको शुक्लागण्डकी नगरपालिका मातहतमा रहेका सबै वडा कार्यालय भाडामुक्त बनेका छन्। चालु आर्थिक वर्षमा एकै साथ तीन वडाभवन निर्माण सम्पन्न गरेपछि भाडामुक्त बनेको हो। चालु आर्थिक वर्षमा २, ५ र ७ वडाका भवन निर्माण गरिएको हो। गत वर्ष वडा नं ३, ४, ९, १० र ११ का वडा भवन निर्माण गरिएको थियो। बाह्रवटा बडा रहेकामध्ये १, ६, ८ र १२ नं वडा साविकको गाविस भवन मर्मत सम्भार गरी सेवा प्रवाह गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिए।

शुक्लागण्डकी नगरपालिका-९ को नवनिर्मित वडा कार्यालय भवन सञ्चालनमा ल्याइएको छ। कूल रु ५१ लाख १३ हजारको लागतमा तीन कोठा एक हलसहितको भवन निर्माण गरिएको हो। शुरुका वर्षदेखि प्रत्येक वडा भवन निर्माणका लागि भूगोल र जनसङ्ख्याको आधारमा बजेट विनियोजन गर्दै आएको नगरपालिकाका प्रमुख किसान गुरुङले बताए। त्यसैगरी व्यास नगरपालिका कार्यालय मातहतमा रहेका चौध वडा कार्यालय भाडामुक्त बन्ने अन्तिम चरणमा छन्। व्यास-१ स्थित चारकुनेमा वडा कार्यालय भवन निर्माण भइरहेकाले छिट्टै भाडामुक्त बन्ने अवस्थामा रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिए।

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कुन्ताबेसी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/१२/२४)**

यस नगरपालिकाको स्वास्थ्य सस्था नभएका वडाहरुमा संचालन हुने आधारभूत स्वास्थ्य केन्द्र, शहरी क्लिनिक तथा प्रसुति केन्द्रका लागि तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी आवश्यक परेको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्रौं) दिन कार्यालय समय भित्रमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र.स. | विज्ञापन नं | पद र तह | पद संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | १२/२०७७/०७८ | अ. हे. व. चौथो तह | ५ (पाँच) | मान्यता प्राप्त शिक्षण संस्थावाट सि. एम. ए. वा अ.हे.व. कोर्ष उत्तिर्ण गरि सम्बन्धित परिषद् वा काउन्सीलमा दर्ता भइ नबिकरण भएको। |
| २ | १३/२०७७/०७८ | अ. न. मी. चौथो तह | ६ (छ) | मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. कोर्ष उत्तिर्ण गरि सम्बन्धित परिषद् वा काउन्सीलमा दर्ता भइ नबिकरण भएको। |
| ३ | १४/२०७७/०७८ | कार्यालय सहयोगी | ५ (पाँच) | मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा कक्षा ८ (आठ) उत्तिर्ण गरेको। |

**छनौट विधि :** अ.हे.व. र अ.न.मी. पदका लागि लिखित परिक्षा र अन्तरवार्ता। कार्यालय सहयोगी पदका लागि अन्तरवार्ता मात्र।

**सेवाको किसम :** सेवा करार।

**उमेरको हद :** १८ बर्ष पूरा भइ पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको।

**सेवा सुविधा :** नेपाल सरकारले उल्लेखित पदहरुका लागि तोकेबमोजिम हुनेछ।

**आवेदन दस्तुर :** अ.हे.व. र अ.न.मी. पदका लागि रु ३००।० र कार्यालय सहयोगीको लागि रु २००।०

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :** नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषद् वा काउन्सीलमा दर्ता भइ नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो।

**परिक्षा मिति :** कार्यालयको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**पुनश्च :** थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**